**नवौं नगरसभाका श्रदेय अध्यक्ष ज्यु**

नगरसभाका सम्पुर्ण सदस्यज्युहरु,

राष्ट्रसेवक कर्मचारी सञ्चारकर्मी तथा उपस्थित अन्य महानुभावहरु

विश्वव्यापी महामरीकोरुपमा फैलिरहेको कोभिड-१९ को दोस्रो लहरको महामरीका कारण उत्पन्न विषम परिस्थितिका बिच गल्कोट नगरपालिकाको गरिमामय यस नवौं नगर सभामा आगामी आर्थिक वर्ष ०७८/७९ को बजेट प्रस्तुत गर्दैछु।महामारीबाट संक्रमितहरुको शिघ्र स्वास्थय लाभको कामना र दुखद निधन हुने नगरिकहरुप्रति हार्दिक श्रदान्जली व्यक्त गर्दै यस अवसरमा मुलुकको सार्वभौभिकता अखण्डता राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम स्थानीय स्वायत्त सरकार गठन गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरु तथा निरंकुशताका विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत नेताहरु प्रति भावपुर्ण श्रदान्जली प्रकट गर्दछु ।

आगामी आर्थिक वर्ष ०७८/७९ का लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित अन्य कानुनको परिधिलाई पालन गरी नगर प्रमुखज्युबाट सम्मानित सभा समक्ष प्रस्तुत भई पारित भएका नीति तथा कार्यक्रमलाई आधार बनाई सहभागितामुलक ढंगबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अधिकतम प्रयास गरिएको छ । आगामी आर्थिक वर्षका लागि पारित नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्य र उद्धेश्यबाट प्राप्त मार्गदर्शन दिगो विकास लक्ष्यको स्थायनीयकरण गल्कोट नगरपालिकाको आवधिक विकास योजना क्षेत्रगत राष्ट्रिय नीति एवं कार्यक्रम तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त सुझावहरु विगत तथा चालु आर्थिक वर्षको आयोजना कार्यान्वयनबाट प्राप्त उपलब्धिका आधारमा आगामी आर्थिक वर्ष ०७८/७९ का लागि बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वनबाट नगरपालिकाले परिलक्षित गरेका उद्धेश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु ।

कोभिड १९ को दोस्रो लहरको महामरीका कारण सृजना भएको बातावरणका साथै तेस्रो लहरको सम्भावना उत्तिकै रहेको अवस्थाले आगामी आर्थिक वर्ष पनि त्यति सहज देखिदैन ।आर्थिक वर्षको अन्त्यतिर आईपुग्दा अनुमान गरेबमोजिम आय नहुने अवस्था आई बजेट तथा कार्यक्रम कार्यान्वयनमा मात्र होईन बजेट खर्च मिलानमा समेत असहजता हुने अवस्थालाई निरुत्साहित गर्ने प्रयास गरी आय प्रक्षेपणलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष समपुरक र सशर्त अनुदान ढिलो गरी प्राप्त हुने , कार्यान्वयन प्रकृया झन्झटिलो तथा स्थानीय सहभागिताको अंश बढी भएका कारण कार्यान्वयनमा असहज भएको अवस्था समेतलाई मध्यनजर गरी उपलब्ध श्रोत साधनलाई अधिकतम उपयोगमा ल्याउन आवश्यक पहल गरी सबै कार्यक्रमहरु कार्यान्वयनको लागि कार्ययोजना बनाई समयमै सम्पन्न गर्ने तर्फ आवश्यक व्यवस्था मिलाईएको छ ।खास गरी आयका श्रोतहरु यथावत रहने तथा खर्चका क्षेत्रहरु बृद्धि तथा नगरपालिकाको नागरिकहरु प्रतिको दायित्व समेत बृद्धि भएकोले सीमित श्रोत साधनबाट अधिकतम आवश्यकता पुरा गर्न प्रयत्न गरिएको छ ।अवस्थाले यस

अवस्थामा माहामारीबाट पिडितहरुको लागि राहत कृषि क्षेत्रकै पुनरुत्थान गर्ने नगरबासीको जीवन रक्षा गर्ने गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रत्याभुतिमार्फत भविष्यप्रति आधारयुक्त आशा जगाउने गरी मैले बजेट तर्जुमा गरेको छु ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय**

गरिमामय नवौं नगरसभामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यस अवसरमा चालु आर्थिक वर्षमा भएका मुख्य मुख्य कार्य उपलब्धि लाई समीक्षाको रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- कोभिड-१९ को दोस्रो लहर शुरु भएको बैशाख महिनादेखि नै बागलुङ जिल्लामा जिल्लाव्यापी निषेधाज्ञा भएको थियो, त्यसको प्रभावकारी कार्यान्वयमा नगरपालिका प्रयत्नशील रहेको छ।
- सम्भावित विरामीहरुको संख्या बृद्धि भईरहेकोमा कोभिड-१९ को परीक्षण गरिएकामध्ये अधिकांशमा संक्रमण पुष्टि भएकोले त्यसको प्रभावकारी रोकथाम र नियन्त्रण गर्नको लागि कोभिड अस्पतालको व्यवस्थापन स्वास्थ्यकर्मी परिचालन, स्वास्थ्य सामाग्री उपकरणको व्यवस्थापन, अक्सिजन सिलिन्डरको व्यवस्थापन, होम आईसोलेसन व्यवस्थापन, विरामीहरुको सहजताको लागि एम्मबुलेन्स व्यवस्थापन र सामाजिक सचेतना फैलाउने कार्यक्रमहरु संचालन गरिएको छ ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि हालसम्म ९२४ जनाको पिसिआर तथा ५५३ जनाको एन्टीजीन परीक्षण गरिएकोमा ५५४ जनामा संक्रमण देखिएका मध्ये ४९३ जना निको भई ५३ जना सक्रिय संक्रमित रहेका छन भने १४ जना नगरवासीकहरुको दुखद निधन भएको छ । विरामीहरुको उपचारलाई थप विश्वसनीय र प्रभावकारी बनाउन नगरपालिका प्रयत्नशील रहेको छ ।
- नगरपालिकाले स्थापना गरेको विपद व्यवस्थापन कोषमा नगरपालिका र विभिन्न संघ,संस्था, सहकारी, व्यक्ति तथा कर्मचारीरुबाट नगद र स्वास्थ्य सामाग्री सहयोग प्राप्त भएकोले सम्पुर्णमा धन्यबाद व्यक्त गर्दछु ।
- कोभिड-१९ को रोकथाम नियन्त्रण र विरामीहरुको उपचारलाई सहज बनाउन जिल्लास्थित अन्य नगरपालिका तथा गाउंपालिकाहरु संग समन्वय गरिएको छ ।
- नगरपालिकाको आफ्नै प्रशासनिक भवनको अभावमा हालसम्म विभिन्न समस्या वेहोर्दै कार्यालय बाहालमा प्रयोग गरिएको र आफनै सुविधासम्पन्न प्रशासनिक भवन निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि आवश्यक जग्गा नगरपालिकाको केन्द्र रहेको स्थान वडा नं ६ को मजुवाफांटमा प्राप्ति भएको छ
- पर्यटन प्रवर्द्धन गरी नगरपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान गराउन वडा नं ५ टेउवामा रहेको अन्तराष्ट्रिय मुर्तिकला संग्रहालय तथा घुम्टेसम्म सडक पहुंच आयोजना स्वीकृत गरी नेपाल सरकारको सहलगानीमा ठेक्का मार्फत २ वर्षमा सम्पन्न हुने गरी कार्यको शुरुवात गरिएको छ ।
- आगामी आर्थिक वर्षको पौष मसान्तभित्र नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुसार नगरपालिकामा नगर बालमैत्री सहजकर्ता र ११ वटै वडामा वडा वालमैत्री सहजकर्ता परिचालन गरी नगर तथा वडाको वालप्रोफाईल तयारी भएको छ ।
- वडा नं १ को वडा कार्यालय निर्माणको कार्य शुरु गरिएको छ ।
- गल्कोट नगरपालिकाको पुरानो र व्यापारिक केन्द्रको रुपमा रहेको हटिया बजारको भित्री बाटो ३० प्रतिशत स्थानीय साझेदारीमा कालोपत्रे गर्ने कार्य शुरु गरिएको छ ।
- वडा नं ४,६ र ९ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं ११ को वडा कार्यालय भवन सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।

- खरको छाना विस्थापन गरी जस्ता पाताले छाउने कार्यक्रम मार्फत बांकी रहेका वडा नं.१,८,१० र ११ मा संघीय सरकारको सशर्त अनुदानमा १५१ घरपरिवारमा जस्ताले छाउने कार्य शुरु गरिएको छ भने बांकी रहेका घरपरिवारमा आगामी वर्ष सम्पन्न गरिनेछ ।
- चालु आर्थिक वर्षमा पनि सरकारी तथा सार्वजनिक भवन निर्माण तथा मर्मत सम्पन्न भएका छन ।
- सडक पुर्वाधारलाई दिगो बनाउन नगरपालिकाको लगानीमा कालोपत्रे तथा ढलान, पक्की नाली, सडक स्तरोन्नति, मेशिनरी वाल, तारजाली, पक्की ग्याबिन र पैदल मार्ग निर्माण कार्य सम्पन्न भएको छ ।
- कृषकहरुलाई सिचाई सुविधा उपलब्ध गराउनको लागि चालु आर्थिक वर्ष पनि साना तथा मझौला सिंचाई कुलो निर्माण भएको छ ।
- कृषिमा आत्मनिर्भरता र उधमशीलता सृजना गर्नको लागि ९७ जना कृषकहरुलाई १८ महिनाको व्याज अनुदान उपलब्ध गराई सहकारी मार्फत कर्जा प्रवाह गरी व्यवसायिक कृषक सृजना गर्न शुरु गरिएको छ।
- कृषकहरुको लागत सहभागीतामा सुन्तला,कागती, किवी र ओखर लगायतका विरुवा वितरण गरिएको छ ।
- गल्कोट नगरपालिकामा शुद्ध खानेपानी उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकार प्रदेश सरकार र नगरपालिकाको सहकार्यमा एक धारा एक घर कार्यक्रम अन्तर्गत नयां धारा जडान इन्टेक च्याम्बर निर्माण र पाईपलाईन विस्तारको कार्यलाई निरन्तरता दिईएको छ ।
- उपप्रमुख दायित्व महिला उधमी कार्यक्रम मार्फत प्रतिस्प्रर्धाको आधारमा उद्यमी महिला सृजना गरी महिलालाई व्यवसायिकता तर्फ प्रोत्साहन गर्ने कार्यक्रम गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुमा ओषधी तथा उपकरणमा सुधार गर्दै स्वास्थ्य पुर्वाधार र जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन जोड दिई वडा नं ११ मा ल्याव सेवा शुरु गरिएको छ ।
- वालमैत्री र प्रविधिमैत्री विद्यालय शिक्षा कार्यक्रम मार्फत नगरपालिकाभित्र रहेका सामुदायिक विधालयहरुमा वालमैत्री पूर्वाधार निर्माण शुरु गरिएको छ भने, संस्थागत विधालयमा निर्माणको लागि प्रोत्साहन गरिएको छ ।
- यस नगरपालिकामा प्रथम मुख्यमन्त्री भलिवलकप जिल्लास्तरीय छनौट प्रतियोगिता सफलतापुर्वक सम्पन्न भएको छ भने राष्ट्रपति रनिङकप र मेयरकप प्रतियोगिता लाई निरन्तरता दिईएको छ ।
- नवनिर्माण हुने घरको नक्सापालाई कडाईका साथ कार्यान्वयन गरिएको छ भने, नक्सापास प्रकृया पुरा नगरी निर्माण गरिएको संरचनाहरुको अभिलेखीकरण गरी नियमितताको प्रकृया अगाडी बढाईएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आर्थिक वर्षमा २०४ जनाले रोजगार पाएका छन ।
- चालु आर्थिक वर्षदेखी नेपाल सरकारको अनुदानमा लघु उधम विकास कार्यक्रम शुरु गरिएको छ उक्त कार्यक्रमबाट हालसम्म वडा नं.४, ५, ९ र ११ लघु उधम विकास सम्बन्धी क्षमता विकास तालिम आधारभुत सीप विकास तालिम र स्तरउन्नति तालिम प्रदान गरी प्रविधि हस्तान्तरण समेत गरिएको छ ।
- नगरपालिकाले अविवाहित ४५ वर्ष माथिका एकल महिलालाई आफ्नै स्रोतबाट सामाजिक सुरक्षाको रुपमा भत्ता वितरणको कार्यक्रम शुरु गरेको छ ।
- लक्षित समुह महिला, आदिवासी जनजाति, दलित, बालबालिका, ज्येष्ठ नागरिक, अपांग र असहाय नागरिकहरुको लागि उपयुक्तताको आधारमा कार्यक्रम तय गरी संचालन गरिएको छ ।
- नगरपालिकाको समुदायमा आधारित नगरविकास सम्बन्धी आवधिक विकास योजना तयार गरी कार्यान्वनमा ल्याईएको छ ।
- गल्कोट नगरपालिकाको फोहोर व्यवस्थापनको लागि जग्गा भाडामा लिई पुर्वाधार निर्माणको कार्य सम्पन्न गरिएको छ ।

- आम उपभोक्ताहरुको हक हित सुरक्षित गर्न बजार अनुगमनको कार्यलाई निरन्तरता दिईएको छ ।
- न्यायिक सेवालाई नगरबाट सहज रुपमा प्रदान गर्ने उद्धेश्यले न्यायिक ईजलास स्थापना गरिएको छ ईजलास मेलमिलाप तथा फैसला गरी नगरबासीलाई न्यायिक सुविधा प्रदान गरिदै आएको छ ।
- नगरपालिकाको हालसम्मको अवधिमा ८ वटा नगरसभा ५० वटा कार्यपालिका बैठक सम्पन्न गरी सभा तथा बैठकबाट नगरपालिकालाई आवश्यक पर्ने ऐन ,नियमावली ,कार्यविधि र निर्देशिका तथा अन्य कानुहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।
- राजस्व संकलनलाई प्रभावकारी बनाउन वडाकार्यलयबाटै अनलाईनमार्फत राजस्व संकलन गर्ने व्यवस्था मिलाईएको छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय**

आगामी आर्थिक वर्ष ०७८/७९ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले गत आ.व.०७६/७७ को यथार्थ आय व्यय एवं चालु आ.व.०७७/७८ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक आय तर्फ रु.१,३५,२४५२१.६२, (एककरोड पैंतीसलाख चौबीसहजार एक्काईस र पैसा बैसठ्ठी) संघीय सरकार राजस्व बांडफांडबाट प्राप्त रु.६,६८४७६५२.४१ (छ करोड अरसठ्ठीलाख सतचालीसहजार छसय बाउन्न र पैसा एकचालीस ) प्रदेश सरकार राजस्व बांडफांडबाट रु.४५०६००० (पैंचालीस लाख छ हजार) प्राप्त भएको छ ।

त्यस्तै गरी संघीय सरकार समानीकरण अनुदानबाट रु.११६२००००० (एघारकरोड बैसठ्ठीलाख )सशर्त अनुदान बाट रु.२७५८०५००० (सत्ताईस करोड अन्ठाउन्नलाख पांचहजार) प्रदेश सरकार समानीकरण अनुदानबाट रु.१,१३३१०००।०० (एक करोड तेईस लाख एकतीस हजार ) र सशर्त अनुदान बाट रु.८५३०४०० (पचासी लाख तीसहजार चारसय ) र अन्य ८३३७११७.५७ ( त्रियासी लाख सैतीसहजार एकसय सत्र र पैसा सन्ताउन्न मात्र) र नेपाल सरकार समपुरक अनुदान तर्फ ११०५८००४।०० (अक्षरुपी एककरोड दशलाख अन्ठाउन्न हजार चार) नेपाल सरकार विशेष अनुदान २३८८७५०।००( तेईस लाख अठासीहजार सातसय पचास ) गरी कुल जम्मा आय ५१९५६८४४५.६० (एकाउन्न करोड पन्चानब्बे लाख अरसठ्ठीहजार चारसय पैंचालीस र पैसा साठी मात्र ) भएकोमा क्षेत्रगत विनियोजका आधारमा चालु खर्च रु.६२६१९३५१ (छ करोड छब्बीस लाख उन्नाईस हजार तीनसय एकाउन्न ) पुंजीगत खर्च १५५२७३७८१ ( पन्ध्रकरोड  बाउन्न लाख सत्ताईस हजार सातसय एकासी ) सशर्त संघीय चालु र खर्च रु.२४७०४८४१२ ( चौबीसकरोड सत्तरीलाख अरचालीसहजरा चारसय बाह) सशर्त संघीय पुंजीगत २८७५६५८८ (दुईकरोड सतासीलाख छपन्नहजार पांचसय अठासी) सशर्त समपुरक सघीय पुंजीगत ११०९८००४ (एक करोड दशलाख अन्ठानब्बेहजार चार) वषेश संघिय अनुदान पुंजीगत २३८८७५०(तेईस लाख अठासीहजार सातसय पचास) र प्रदेश सशर्त पुंजीगत ८५३०४०० (पचासीलाख तीसहजार चारसय ) गरी कुल रु.५१५७१५२८५.९७ (एकाउन्नकरोड सन्ताउन्नलाख पन्ध्रहजार दुईसय पचासी र पैसा सन्तानब्बे खर्च भई ३८५३१५९.६३ (अरतीसलाख त्रिपन्नहजार एकसय उनन्साठी र पैसा त्रिसठ्ठी मात्र ) चालु आर्थिक वर्ष ०७७/७८ मा जिम्मेवारी सरी आएको छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षा ०७७/७८ को संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

आन्तरिक आय कर दस्तुर राजस्व गत वर्षको मौज्दात समेत तर्फ रु.१५८५३१५६.६३ (एककरोड अन्ठाउन्नलाख त्रिपन्नहजार एकसय छपन्न र पैसा त्रिसठ्ठी )

संघिय सरकार राजस्व बांडफांडबाट प्राप्त रु.८८१,०५,००० ( आठककरोड एकासीलाख पांचहजार ) र समानीकरण अनुदान रु.११,५२,००,००० (एघारकोड बाउन्नलाख ) र सशर्त अनुदान ३१,९४,००,००० (एकतीस करोड चौरान्ब्बे लाख) र विशेष अनुदान रु.१०,०००,००० (एककरोड) गरी जम्मा रु. ५४,८५,५८,५००.६३ (चवन्नकरोड पचासीलाख अन्ठाउन्नहजार पांचसय र पैसा त्रिसठ्ठी ) रुपैंया संशोधन सिहतको अनुमान गरिएको छ । त्यस्तै गरी प्रदेश सरकार राजस्व बांडफांडबाट प्राप्त हुने रु.५६६६००० (छपन्नलाख छैसठ्ठीहजार) समानीकरण अनुदान रु.१,२३,१,०००० (एककरोड तेईसलाख दशहजार ) र सशर्त अनुदान रु.५०,००००० ( पचासलाख मात्र ) गरी २२९७६००० (दुईकरोड उनन्तीसलाख छेहत्तरहजार) रुपैंया गरी कुल आय ५८३५३४१५९.६३ गरी (अन्ठाउन्न करोड पैतीसलाख चौतीसहजार एकसय उनन्साठी र पैसा त्रिसठ्ठी मात्र ) संशोधित आय हुने अनुमान प्रस्ताव गरी सोही बमोजिमका विभिन्न शिर्षकगत व्यय अनुमान गरिएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७८/७९ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- दोस्रो लहरको कोरोना भाइरस लगायतका महामारीजन्य रोगबाट नगरवासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।
- परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने,
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत एवम् समृद्ध नगर निर्माण गर्दै जाने,
- स्थानीय सीप र उत्पादनको प्रवर्द्धन, साना तथा घरेलु उद्योगको प्रवर्द्धनमार्फत आर्थिक समुन्नति हासिल गर्ने,
- नगरको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवम् भ्रष्टाचारमुक्त बनाई वास्तविकरुपमा जनतालाई सुशासनको अनुभूति दिलाउने ।
- रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशिल रोजगार सिर्जना, सीप विकास गर्ने ।
- गुणस्तरीय र शिक्षामा समतामूलक पहुँच विस्तारका लागि प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार ।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास, निर्माण तथा सम्भार,
- नगरपालिका भवन निर्माणको कार्यको शुरुवात गर्ने ।
- पर्यटन पूर्वाधारको विकास र प्रर्वद्धन गर्ने ।
- नगरपालिकाको क्षमता भन्दा बाहिर रहेका र विकासको प्रचुर सम्भावना भएका क्षेत्रहरुको अध्ययन तथा अनुसन्धान गरी प्राथमिकता निर्धारण गरी अगाडी वढाउने ।
- विभिन्न आयोजनाका DPR तथा गुरु योजना निर्माण एवं कार्यान्वयन गर्ने ।

**सभाका श्रदेय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७८/७९ का लागि अनुमानित आयका आधारमा नगरको समग्र लगानीलाई आर्थिक विकास सामाजिक विकास पुर्वाधार विकास सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र कार्यालय संचालन तथा प्रशासनिक प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा अगामी आर्थिक वर्षका लागी अनुमानित आय व्ययको विवरण संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ,**

संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु १२,२५,००,०००।०० (बाह्र करोड पच्चीसलाख )राजस्व बांडफाडबाट प्राप्त हुने रकम रु.९,२२,५०,०००।००(नौ करोड बाईसलाख पचासहजार )सशर्त अनुदान बाट रु.३२,७४,००,०००।०० बत्तीसकरोड चौहत्तरलाख)विशेष अनुदान बापत रु.२४९०००००।०० (दुईकरोड उनन्पचास लाख ) मात्र गरी कुल जम्मा रु.५६,७०,५००००।०० (छपन्न करोड सत्तरीलाख पचासहजार ) मात्र ।

प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु.१,४२,२२,००० (एककरोड बयालीस लाख बाईस हजार) राजस्व बांडफांडबाट रु.८०,९९,०००।०० (असीलाख उनान्सय हजार) गरी कुल जम्मा रु.२२३२१००० (दुई करोड उनासी लाख छेहत्तर हजार) मात्र अनुमान गरिएको छ भने, प्रदेश समपुरक विशेष र सशर्त अनुदान तर्फको रकम यकिन नभएकोले समावेश गरिएको छैन ।

आन्तरिक आय स्थानीय कर ,दस्तुर र सेवा शुल्क समेत गरी १६०००००।०० (एककरोड साठीलाख) र विविध आय गत वर्षको मौज्दात समेत रु.७३,००,०००।०० ( त्रिहत्तर लाख) गरी जम्मा रु.२३३०००००।०० दुइकरोड तेत्तीसलाख र नगद जनसहभागिता रु.५,००,००००।०० (पचासलाख)मात्र गरी जम्मा कुल आय रु.६१,७६,७१,०००।०० (एकसट्ठी करोड छहत्तरखलाख एकहत्तर हजार मात्र आय अनुमान प्रस्ताव गरिएको छ । समग्र आयको विवरण अनुसुची १ मा संलग्न गरिएको छ ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्ष ०७८/७९ को लागि अनुमानित आय रु. ६१,७६,७१,०००।०० (एकसट्ठीकरोड छेहत्तर लाख एकहत्त रहजार मात्र) मध्येबाट अनुमानित व्ययको विवरण प्रस्तुत गर्दछु ।

- कुल व्यय मध्ये चालु खर्च तर्फ ४० करोड ३७ लाख ५० हजार (६५ प्रतिशत) र पुंजीगत तर्फ २१ करोड ३९ लाख २१ हजार (३५ प्रतिशत) विनियोजन गरिएको छ ।
- कोभिड-१९ को दोस्रो लहरको प्रभाव कम गर्न तथा तेस्रो लहरको असरलाई समेत आंकलन गरी त्यसको प्रभावकारी रोकथाम र नियन्त्रण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषि बाली तथा बागवानी विकास मा रु.३६ लाख,पशु विकासमा १३ लाख, प्रत्येक वडाको मागमा आधारित कृषि तथा पशुपंक्षी विकास कार्यक्रममा ४४ लाख र वडा तर्फ कृषि सिंचाई तथा पशु विकासमा रु.२५ लाख सशर्त तर्फ कृषि तथा पशु विकासमा रु.५६ लाख गरी जम्मा रु.१ करोड ७४ लाख विनियोजन गरेको छु ।
- पर्यटन प्रवर्द्धन कार्यक्रम टेउवा मुर्तिकला संग्रहालय तथा घुम्टेसम्म सडक पहुंच आयोजनाको लागि नेपाल सरकरको साझेदारीमा सचालन गर्न रु.८० लाख विनियोजन गरेको छु ।
- उधम विकास तथा रोजगार प्रवर्द्धन र सहकारी संस्था परिचालनको लागि विभिन्न शिर्षकमा रु.११ लाख ५० हजार विनियोजन गरेको छु ।
- सार्वजनिक निजी साझेदारीमा गल्कोट नगरपालिकाको फोहोर व्यवस्थापन गर्नको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।
- युवा तथा खेलकुद विकास कार्यक्रमको लागि रु.१३ लाख बिनियोजन गरेको छु ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण महिला, जनजाति, दलित र अपांगहरुको लक्षित कार्यक्रम संचालनको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।
- आगामी पौष मसान्तभित्र नगरपालिकालाई वालमैत्री नगर घोषणाको लागि रु ५० लाख विनियोजन गरेको छु ।
- महिलाहरुलाई आत्मनिर्भर गराउन महिलासंग उप-प्रमुख कार्यक्रमलाई निरन्तरता दिई उचित बजेट विनियोजन गरेको छु ।
- अन्तरजातीय विवाह गरी पारिवारिक बहिष्करणमा परेका जोडीहरुलाई संरक्षण गर्न बजेट विनियोजन गरेको छु ।
- ज्येष्ठ नागिरकहरुको सम्मानको लागि विशेष भत्ता बापत रु.८ लाख विनियोजन गरेको छु ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम विधार्थीसंग नगर प्रमुख र उपप्रमुख जस्ता अभियान संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- नगर शिक्षा कार्यक्रम संचालन गर्न रु.१ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।
- नगरको स्वास्थ्य तथा सरसफाई कार्यक्रमको लागि रु.५१ लाख विनियोजन गरेको छु ।
- गल्कोट नगर अस्पतालको विकास गरी सेवा प्रवाहमा सुधार गर्न रु.२० लाख बजेट विनियोजन गरेको छु
- गल्कोट आंखा उपचार केन्द्र संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।
- गर्भवती महिलाको स्वास्थ्य र पोषणमा सुधार तथा नवशिषुको पोषणको सुनिश्चित गर्न नगर प्रमुख मातृ तथा शिशु पोषण भत्ता कार्यक्रम र रिफरल भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विभिन्न सामुदायिक संस्था र मानव सेवा आश्रमको लागि बजेटको व्यवस्था गरेको छु ।
- गल्कोट कला संस्कति र साहित्यको संरक्षण विकास तथा गल्कोटका प्रतिभावान नागरिकहरुको सम्मानको लागि बजेट वनियोजन गरेको छु ।
- गल्कोट नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्न स्थानीय साझेदारीमा घडेरी व्यवस्थापन तथा भवन निर्माण गर्न रु.१ करोड २० लाख विनियोजन गरेको छु ।
- नगरपालिकाको सबै वडामा समानुपातिक विकासका पुर्वाधार निर्माण गर्न रु.२ करोड ५७ लाख विनियोजन गरेको छु ।
- वस्ती तथा टोल स्तरबाट प्राथमिकीकरण गरी वडा सिमितबाट वडा मार्फत संचालन विषयगतरुपमा संचालन हुने कार्यक्रमको लागि रु.५ करोड ५१ लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्रका सडक बाह्रैमहिना नियमित संचालनको लागि मर्मत संभार गर्न रु.२५ लाख विनियोजन गरेको छु ।
- संघ तथा प्रदेश सरकारको सहलगानीमा आयोजना तथा कार्यक्रम संचालनको लागि समपुरक कोषको लागि रु.४० लाख विनियोजन गरेको छु ।
- हटिया बजार कालोपत्रे गर्ने कार्य सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- विभिन्न सम्भावित आयोजनाहरुको डि.पि.आर. गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- डांडाखेत देखी ४ नं.वडाकार्यालय सम्म जाने सडक कालोपत्रेको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- नगरपालिकाको समग्र सेवा प्रवाहमा सुधार गरी प्रभावकारीता बृद्धि गर्न सार्वजनिक सुनुवाई, बजार अनुगमन र सेवा सुधार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- विपदको पुर्व तयारी रोकथाम तथा पुन स्थापना तथा आपतकालीन कार्य संचालन गर्न र राहतको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।
- विपन्न परिवारहरुको स्वास्थ्य सेवामा पहुंच वृद्धि गर्न र स्वास्थ्य सेवाको सुनिश्चितता प्रदान गर्न विपन्न नागरिकहरुको परिवारको लागि स्वास्थ्य विमा गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- समुदायमा रोजगारी सृजना गर्ने खालको र समुदायबाट छनौट गरी संचालन गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत तथा नगरपालिकाको तर्फबाट समेत आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०७८/७९ को वार्षिक नीति तथा कार्यक्रमले निर्देशित गरे बमोजिम यस बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । सीमित श्रोत र साधनबाट दिगो र ठोस उपलब्धि हासिल होस भन्ने उद्धेश्यले आवश्यक्ताका आधारमा रकम विनियोजन गर्ने प्रायास गरिएको छ । आयोजना तर्जुमा मात्र महत्वपुर्ण विषय होईन यसको लक्ष्य एवं उद्धेश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा यथार्थ उपलब्धिको नजिक पुग्न सक्नु महत्वपुर्ण हुन्छ । यस बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पुर्ण नगरबासीहरुको सकारात्मक सहयोग, सल्लाह सुझाव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विस्वास लिएको छु ।

अन्त्यमा गल्कोट नगरपालिकाको पांचौ बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन दिने नगर प्रमुख ज्यु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरु, कार्यपालिका सदस्यज्युहरु, नगर सभा सदस्यज्युहरु, विषयगत समितका संयोजक तथा सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत,लगायत राष्ट्रसेवक कर्मचारीहरु र सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह, सुझाव एवं सहयोगको समेत अपेक्षा व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

रेणुका काउचा मगर
नगर उप प्रमुख
गल्कोट नगरपालिका बागलुङ
मिति २०७८/०३/१०